# मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन कार्यबिधि, २०७३

पृष्ठभूमी:

देशमा व्यवसायिक रुपमा गाईभैंसीपालन गरी दुध उत्पादन व्यवसाय अपनाउने कृषक उद्यमीको संख्या बढी रहेको देखिन्छ । तर यसको आधुनिकीकरण र यान्त्रिकरण नहुदा उत्पादन लागत घटाउन सकिएको छैन । त्यसैगरी दुध तथा दुग्ध पदार्थको गुणस्तर राष्ट्रिय मापदण्ड अनुसार प्राप्त गर्न सकिएको छैन । दुग्ध उत्पादन व्यवसायलाई प्रतिस्प्रर्धात्मक रुपमा विकास गर्न र गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थको उपभोग गर्न पाउने उपभोक्ताको हक संरक्षण गर्न समेत आवश्यक भएकाले नेपाल सरकारको मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र सञ्चालन गर्न यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट जारी गरिएको छ ।

१) प्रारम्भिकः

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन कार्यबिधि, २०७३" रहेको छ ।

२. यो कार्यविधि नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "मन्त्रालय" भन्नाले पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

२. "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

३. "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय सम्झनु पर्नेछ ।

४. "कार्यालय" भन्नाले जिल्ला पशु सेवा कार्यालय सम्झनु पर्नेछ ।

५. "कार्यदल" भन्नाले जिल्ला पशु विकास कार्यदल सम्झनु पर्नेछ ।

६. "कार्यविधि" भन्नाले "मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन कार्यबिधि, २०७३"सम्झनु पर्नेछ ।

३) कार्यक्रमको उद्देश्यहरुः

१. स्वस्थ्य तथा स्वच्छ दुध उत्पादनमा सहयोग पुर्याउने ।

२. व्यावसायिक कृषकहरुको दुध उत्पादन लागत कम गरी व्यवसायलाई प्रतिस्पर्धात्मक बनाउने

३. संभाव्य फार्महरुका लागि नमुनाको रुपमा मिल्किङ पार्लरको स्थापना भई प्रविधि प्रसारमा सहयोग पुर्याउने।

४. पशुपन्छी विकास मन्त्रालयको प्रतिवद्धता अनुसारको दुध मिसन कार्यक्रमलाई पूरा गर्न।

५. नेपाल सरकारको मिल्किङ पार्लर स्थापना र संचालन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने।

४) कार्यक्रम स्थल छनौटका आधारः व्यवसायिक रुपमा उन्नत गाइभैंसीपालन बढी भएको, परिमाणात्मक एवं गुणात्मक रुपमा बढी दुध उत्पादन भएको/हुने क्षेत्र ।

५) साझेदार संस्था/फर्म छनौट प्रकृयाः

१. निर्देशनालयले अनुसुची १ बमोजिम प्रस्ताव आह्वान गर्ने छ । फार्महरुले सम्वन्धित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।



१२

२. सम्बन्धित कार्यालयले फिल्ड भेरीफिकेशन गरी प्रारम्भिक छनौटको सूचि तयार गरेर सिफारिस सहित निर्देशनालयमा पठाउनुपर्नेछ ।

३. अनुदान प्राप्त गर्नका लागि फार्मको न्युनतम मापदण्ड तपशिल अनुसार हुनेछ।

क) कम्तिमा ५० दुहुना उन्नत गाई / भैसी पालन गरेको।

ख) फार्मका सम्पुर्ण पशुहरुको विमा गरेको।

ग) मिल्किङ पार्लर स्थापनाका लागि उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र बहिगर्मन गर्ने गरी पुर्वाधार तथा भवनहरुको लागत अनुमान गरेको वा पुर्वाधार निमार्ण गरिसकेको।

घ) नियमअनुसार सम्वन्धित निकायमा दर्ता भएको, करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको र कुनै कारवाहीमा नपरेको।

ङ) मिल्किङ पार्लर स्थापना गर्दा लाग्ने लागतको कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको।

च) फार्ममा जैविक सुरक्षा सम्वन्धि नियमहरुको पूर्ण पालना गरेको।

४. तोकिएको मापदण्ड पुरा गरेका फार्महरुले पेश गरेको प्रस्ताव सहितको निवेदनहरु उपर मुल्याङ्कन समितिले अनुदान वितरणका लागि बुँदा नं ५.३ मा उल्लेख भएका मापदण्डलाई आधार मानी मूल्यांकन ढाँचा तयार गरी मूल्यांकन गर्नुपर्नेछ। मूल्यांकन गरी स्वीकृतिका लागि निर्देशनालयका कार्यक्रम निर्देशक समक्ष पेश गर्नेछ ।

४.१ मुल्याङ्कन समिति

| | |
|---|---|
| निर्देशनालयका वरिष्ठ पशु विकास अधिकृत | संयोजक |
| केन्द्रिय गाइभैंसी प्रवर्द्धन कार्यालयका प्रमुख | सदस्य |
| विभागका कानून अधिकृत | सदस्य |
| निर्देशनालयका लेखा अधिकृत | सदस्य |
| निर्देशनालयका फोकल अधिकृत | सदस्य सचिव |

४.२ छनौट भएका फार्म सँग सम्बन्धित कार्यालयले अनुसूचि - २ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

६) कार्यक्रम सञ्चालन प्रकृया

१. छनौट भएका साझेदारले लागत अनुमानको ५० प्रतिशत अथवा बढिमा १० लाख रकम अग्रिम रुपमा बैंक खातामा जम्मा गरेको प्रमाण निर्देशनालयमा पेश गरेपछि निर्देशनालयले अनुदान रकम उक्त बैंक खातामा जम्मा गर्नेछ ।

२. अनुदान रकम प्राप्त भएपछी फार्मले मेसिन उपकरण खरिद तथा जडान गर्ने व्यवस्था आफैं गर्नु पर्नेछ ।

३. साझेदारले कार्य सम्पन्न भएपछि तोके अनुसार प्रगति फारम भरी कार्यालयमा मासिक रुपमा पेश गर्ने ।

४. साझेदार संस्थाले सम्झौता बमोजिम कार्य गरे नगरेको विषयमा निर्देशनालय, कार्यालय एवं सरोकारवाला निकायहरुबाट नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।

७) अनुदान प्राप्त गर्ने मिल्किङ पार्लरको मापदण्ड निम्न अनुसारको हुनुपर्नेछ।

१. गाई गोठ बाट नजिक भएको।
२. संरचना सिमेन्टेड भएको।
३. जैविक सुरक्षाको व्यवस्था भएको।
४. एकपटकमा कम्तिमा ६वटा पशु दुहन मिल्ने व्यवस्था भएको।
५. दुधको अभिलेख नियमित रुपमा पार्लरमानै राख्ने व्यवस्था भएको।
६. सफा पानीको प्रयाप्त उपलब्धता भएको।
७. नेपाल सरकारबाट स्विकृत भएको मिल्किङ मेशिन मापदण्ड २०७१ अनुसारको मिल्किङ मेसिन जडान गरेको।
८. गाई भैसीहरुको प्रवेश र बहिर्गमन गेट अलग अलग भएको।
९. दाना र पानी खुवाउने समुचित व्यवस्था भएको।

८) मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्मस:

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदान रु. हजारमा | जम्मा रकम रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहकार्यमा नमुनाको रुपमा मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन (मेशिनरी र पूर्वाधार निर्माणका लागि) | फार्म | २ | १००० | २००० | |
| २ | सूचना प्रकाशन र प्रकृयागत कार्यहरु | पटक | १ | २४ | २४ | |
| | जम्मा | | | | २०२४ | |

९) **आर्थिक प्रशासन सेवा:**

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सर्व्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

१०) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था:

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ। मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

११) थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनूसुची १

यस कार्यालयको आ.व.२०...../ ..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सरकारी - नीजि साझेदारीमा नमुनाको रुपमा मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन गर्न ईच्छुक व्यवसायिक फार्महरु बाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।तोकिए बमोजिम मापदण्ड पुगेका ईच्छुक साझेदार फार्महरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र आवेदन फारग सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु होला । विस्तृत जानकारिका लागि पशु उत्पादन निर्देशनालय तथा सम्वन्धित जिल्ला पशु सेवा कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१. आवेदन फारम
२. नेपाली नागरिकताको प्रतिलिपी
३. व्यवसायिक फार्म सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. फार्मका पशुहरुको विमा गरेको प्रमाण
५. कम्तिमा ५० दुहुना उन्नत गाईभैसी पालन गरेको प्रमाण
६. फार्मका सम्पुर्ण पशुहरुको विमा गरेको प्रमाण
७. मिल्कीङ पार्लर स्थापनाका लागी उचित स्थानमा गाई प्रवेश गर्ने, दुहुने र वहिगर्मन गर्ने गरी पुर्वाधार तथा भवनहरुको डिजाईन (इस्टीमेट गरेको वा पुर्वाधार निर्माण गरिसकेको) प्रमाण।
८. करचुक्ता गरेको र स्थायी लेखा नम्वर प्राप्त गरेको प्रमाण
९. मिल्कीङ पार्लर स्थापना गर्दा लाग्ने लागतको कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता जनाएको स्वघोषणा पत्र
१०. फार्ममा जैविक सुरक्षा सम्वन्धि नियमहरुको पुर्ण पालना गरेको प्रमाण
११. बुँदा नं. ५ मा उल्लेखित मापदण्ड पूरा भएको पशु सेवा केन्द्रको समफारिस पत्र।

अनुसुची २

## सहकार्यमा नमुनाको रुपमा मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धि सम्झौता पत्रको नमुना

नेपाल सरकार, जिल्ला पशु सेवा कार्यालय ................ (यसपछी प्रथम पक्ष भनिने) र ............... जिल्ला, ............... उ.म.न.पा./न.पा./गा.वि.स. वडा नं. .... मा स्थायी बसेवास भई ............... जिल्ला, ............... उ.म.न.पा./न.पा./गा.वि.स. वडा नं. .... मा सञ्चालनमा रहेको .............................. फार्मका प्रोप्राइटर वर्ष ... का श्री ............................... (यसपछि दोश्रो पक्ष भनिने) बिच सहकार्यमा नमुनाको रुपमा मिल्किङ पार्लरको स्थापना तथा सञ्चालन गर्न तपसिलका शर्तहरु पालना गर्ने गराउनेगरी यो सम्झौता गरिएकोछ ।

तपसिल

१ दोश्रो पक्षले कूल लागतको कम्तिमा ५० प्रतिसत रकम फार्मको बैंक खातामा जम्मा गरेको प्रमाणका आधारमा प्रथम पक्षले अनुदान वापतको रकम जम्मा गरिदिने छ ।

२ यसरी रकम जम्मा भैसकेपछी दोश्रो पक्षले स्वीकृत योजना अनुसारका मिल्किङ मेशिनरी अजार एवं उपकरणहरुको खरिद, जडान र सञ्चालनको व्यवस्था गर्नु पर्नेछ ।सो कार्यको प्रथम पक्षले स्थलगत अनुगमन गर्ने गराउने छ ।

३ मेशिन उपकरणहरुको सञ्चालन र मर्मत सभार एवं जडान पश्चातका व्यवस्थापन र खर्चका सम्पुर्ण दायित्व दोश्रो पक्षको हुनेछ ।

४ दोश्रोपक्षले जडान भएका मेशिन–उपकरणहरु ५ वर्षसम्म वेचविखन वा हस्तान्तरण गर्न पाउने छैन । सो अवधि पछी पनि वेचविखन वा हस्तान्तरण गर्ने भएमा प्रथम पक्षको अनुमती लिनुपर्ने छ ।उक्त अनुमती दिने वा नदिने सम्पूर्ण अधिकार प्रथम पक्षमा निहित रहनेछ ।

५ दोश्रो पक्षले तोकिएका मापदण्डहरुको पूर्ण व्यवस्थापन एवं पालनागरी मिल्किङ पार्लर सञ्चालन गर्नुपर्नेछ ।

६ दोश्रो पक्षले यो सम्झौता बमोजिम आंशिक वा पुरै कार्य नगरेमा वा अनुदानको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा सम्झौता तोड्न र प्रदान गरिएको अनुदान रकम सरकारी बाँकी सरह असूल उपर गर्न सक्नेछ ।

७ दोश्रो पक्षले तोकिएको फर्मेटमा पहिलो पक्षलाई मासिक प्रगति विवरण बुझाउनु पर्ने छ ।

८ यसमा लेखिए बाहेकका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

उल्लेखित शर्तहरु पालना गर्न मञ्जुर छु ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| फार्मको नाम ठेगानाः | कार्यालयः |
| मितिः | मितिः |
| फार्मको छापः | कार्यालयको छापः |